# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, जेठ २६ गते, २०८२ साल (संख्या १२


## भाग ३

## लोक सेवा आयोगको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ४

### <u>लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०८२</u>

लोक सेवा आयोग ऐन, २०७९ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले देहायका नियमहरू बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **लोक सेवा आयोग नियमावली, २०७९ को नियम २३ मा संशोधनः** (१) लोक सेवा आयोग नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २३ पछि देहायका नियम २३क. र २३ख. थपिएका छन्:-

"२३क. **पूर्वयोग्यता परीक्षा सम्बन्धी व्यवस्थाः**(१) आयोगले सङ्गठित संस्थाको लिखित परीक्षा सञ्चालन गर्ने क्रममा त्यस्ता सङ्गठित संस्थाका कुनै सेवा, समूह वा उपसमूह र पद, श्रेणी वा तह तोकेर वा पद, श्रेणी वा तहमात्र तोकेर सबै सङ्गठित संस्थाको लागि लागू हुने गरी वा कुनै एक वा सो भन्दा बढी सङ्गठित संस्थाको लागि लागू हुने गरी पूर्वयोग्यता परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने पूर्वयोग्यता परीक्षाको लागि आवश्यक पाठयक्रम आयोगले स्वीकृत गरी सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम हुने पूर्वयोग्यता परीक्षा आयोगको वार्षिक कार्यतालिका बमोजिम सञ्चालन हुनेछ ।

(४) विभिन्न सङ्गठित संस्थामा एकै तह वा श्रेणीका लागि फरक फरक सेवा, समूह, उपसमूह, शैक्षिक योग्यता, अनुभव, सीप तथा पदनाम तोकिएको भए तापनि यस नियम बमोजिम लिइने पूर्वयोग्यता परीक्षाको लागि सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको लागि एस.ई.ई. वा सो सरह,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहायकस्तर प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह वा पाँचौं तह वा सो सरहको पदको लागि प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह र अधिकृतस्तर तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह वा छैठौं तह वा सातौं तह वा सो सरहको पदको लागि स्नातक वा सो सरहको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(५) उपनियम (१) बमोजिम सञ्चालन हुने पूर्वयोग्यता परीक्षाको लागि आयोगले दरखास्त आव्हान गर्न सक्नेछ ।

(६) यस नियम बमोजिम सञ्चालन हुने पूर्वयोग्यता परीक्षाको लागि सूचना प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त स्वीकृत गर्ने, परीक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने कार्य आयोगबाट हुनेछ ।

(७) यस नियम बमोजिम पूर्वयोग्यता परीक्षाको लागि आवेदन दिने उम्मेदवारले अनुसूची-४क. बमोजिमको दरखास्त फाराम भरी अनुसूची-२ बमोजिमको दरखास्त दस्तुर सहित बुझाउनु पर्नेछ ।

(८) पूर्वयोग्यता परीक्षाको नतिजा आयोगले प्रकाशन गरी आयोगको वेबसाइट मार्फत सार्वजनिक गर्नेछ र त्यस्तो पूर्वयोग्यता परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई अनुसूची-४ख. बमोजिमको प्रमाणपत्र उपलव्ध गराईनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) उपनियम (८) बमोजिम प्रमाणपत्र प्राप्त गर्ने उम्मेदवार सो प्रमाणपत्र जारी गरेको मितिले एक वर्षभित्र सम्बन्धित सङ्गठित संस्थाबाट प्रकाशित हुने पदपूर्ति सम्बन्धी विज्ञापनको सम्बन्धित सेवा, समूह, उपसमूहका पद, श्रेणी वा तहमा दरखास्त पेश गर्नका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

तर सम्बन्धित सङ्गठित संस्थाको कर्मचारी सेवा शर्त सम्बन्धी नियम वा विनियममा तोकिए बमोजिमको पद, श्रेणी वा तहका लागि आवश्यक न्यूनतम योग्यता पूरा नभएका उम्मेदवार यस नियम बमोजिमको पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएको कारणले मात्र त्यस्तो संस्थाको पद, श्रेणी वा तहका लागि प्रकाशित हुने पदपूर्ति सम्बन्धी विज्ञापन वा सूचनामा उम्मेदवार हुन सक्ने छैन ।

(१०) पूर्वयोग्यता परीक्षाका लागि दरखास्त दिने उम्मेदवारको देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः -

(क) नेपाली नागरिक,

(ख) उपनियम (४) बमोजिमको शैक्षिक योग्यता पूरा भएको

(ग) सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह र सहायकस्तर प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाँचौं तह वा सो सरहका पदको हकमा अठार वर्ष उमेर पूरा भएको,

(घ) अधिकृतस्तर तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह वा छैठौ तह वा सातौं तह वा सो सरहका पदको हकमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ङ) पुरूष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा चालीस वर्ष उमेर ननाघेको,

तर सङ्गठित संस्थाको सेवामा बहालवाला स्थायी कर्मचारीहरूलाई उमेरको हद लाग्ने छैन ।

(च) भविष्यमा सरकारी सेवा वा सङ्गठित संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतबाट कसूरदार नठहरिएको ।

(११) सङ्गठित संस्थाले पदपूर्तिको लागि आयोगसँग सहमति माग नगरेको अवस्थामा पनि आयोगले परीक्षा सञ्चालन गर्ने सबै सङ्गठित संस्थाको लागि वा कुनै एक वा सो भन्दा बढी सङ्गठित संस्थाको लागि मान्य हुने गरी आयोगले तोकेको पद, श्रेणी वा तहको लागि पूर्वयोग्यता परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(१२) सङ्गठित संस्थाले पदपूर्ति सम्बन्धी विज्ञापन प्रकाशन गर्दा आयोगले पूर्वयोग्यता परीक्षा लिएका पद, श्रेणी वा तहको हकमा उक्त परीक्षा उत्तीर्ण गरेका उम्मेदवारले मात्र दरखास्त दिन पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) सङ्गठित संस्थाको पूर्वयोग्यता परीक्षाका सम्बन्धमा यस नियममा उल्लिखित विषयका हकमा यसै नियम बमोजिम र यस नियममा उल्लेख नभएको विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२३ख. **<u>सङ्गठित संस्थाको संयुक्त परीक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगले सङ्गठित संस्थाको लिखित परीक्षा सञ्चालन गर्दा दुई वा सो भन्दा बढी सङ्गठित संस्थामा रहेका समान पद, श्रेणी वा तहको कुनै पत्र वा सबै पत्रको लिखित परीक्षा अलग अलग वा संयुक्त रूपमा सञ्चालन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम परीक्षा सञ्चालन गर्ने प्रयोजनको लागि सङ्गठित संस्थाहरूको कार्य प्रकृतिलाई समेत विचार गरी समान पद, श्रेणी वा तहलाई समूहीकरण गर्न सकिनेछ ।

(३) उपनियम (१) बमोजिम सङ्गठित संस्थाको लिखित परीक्षा सञ्चालन गर्दा आयोगले तोके बमोजिम कुनै पद, श्रेणी वा तहको कुनै पत्र संयुक्त र कुनै पत्र फरकफरक गरी परीक्षा लिन सक्नेछ ।

(४) यस नियम बमोजिम लिईने परीक्षाको पाठ्यक्रम आयोगबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(५) आयोगले यस नियम बमोजिम सञ्चालन गरेको संयुक्त लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा केन्द्रीकृत विज्ञापन गर्ने सङ्गठित संस्थाको हकमा केन्द्रीकृत कुल रिक्त माग पद सङ्ख्याको आधारमा र प्रदेशगत विज्ञापन गर्ने सङ्गठित संस्थाको हकमा प्रदेशगत कुल रिक्त माग पद सङ्ख्याको आधारमा सङ्गठित संस्थाहरूको क्रम कायम गरी सबैभन्दा बढी रिक्त माग पद सङ्ख्या रहेको सङ्गठित संस्थाको नतिजा सबैभन्दा पहिला प्रकाशन गर्न सक्नेछ ।

तर कुल रिक्त माग पदसङ्ख्या बराबर भएमा वर्णानुक्रम अनुसार त्यस्ता सङ्गठित संस्थाको क्रम कायम गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) आयोगले संयुक्त लिखित परीक्षा सञ्चालन गरेका सङ्गठित संस्थाहरू मध्ये उपनियम (५) बमोजिमको पहिलो क्रममा रहेका सङ्गठित संस्थाको लिखित परीक्षाको नतिजामा नाम समावेश भएका उम्मेदवार मध्ये त्यसपछिको क्रमको सङ्गठित संस्थाको नतिजा प्रकाशन गर्दा जति उम्मेदवारको नाम समावेश हुन्छ त्यतिकै सङ्ख्यामा थप उम्मेदवारको नाम समेत समावेश गरी नतिजा प्रकाशन गरिनेछ।

(७) यस नियम बमोजिम सञ्चालित संयुक्त लिखित परीक्षाबाट छनोट भई अन्तर्वार्तामा सहभागी भएका उम्मेदवारमध्ये सिफारिस योग्यताक्रमको सूचीमा नपरेका बाँकी सबै उम्मेदवारलाई समावेश गरी वैकल्पिक योग्यताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ ।

(८) सङ्गठित संस्थाको संयुक्त परीक्षाका सम्बन्धमा यस नियममा उल्लिखित विषयका हकमा यसै नियम बमोजिम र यस नियममा उल्लेख भएको भन्दा बाहेकका विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।"

३. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-२ मा रहेका "नियम १९ को उपनियम (१), भन्ने शब्दहरु पछि "नियम २३क. को उपनियम (७)," भन्ने शब्दहरु थपी सोही अनुसूचीको क्रमसङ्ख्या (६) पछि देहायको क्रमसङ्ख्या (७) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) सङ्गठित संस्थाको पदका लागि लिइने पूर्वयोग्यता परीक्षाको दरखास्त दस्तुर सहायकस्तर द्वितीय श्रेणी, खरिदार सरह वा चौथो तह वा सो सरहको पदको लागि रू. २००/, सहायकस्तर प्रथम श्रेणी, नायब सुब्बा सरह वा पाँचौं तह वा सो सरहको पदको लागि रू. ३००/- र अधिकृतस्तर तृतीय श्रेणी, शाखा अधिकृत सरह वा छैठौं तह वा सातौं तह वा सो सरहको पदको लागि रू. ५००/- ।"

(२) अनुसूची -४ पछि संलग्न बमोजिमका अनुसूची -४क. र अनुसूची- ४ख. थपिएका छन् ।

(३) अनुसूची -६ को प्रकरण १ पछि देहायको प्रकरण १क. थपिएको छः-

"१क. प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम २३ख. बमोजिम सङ्गठित संस्थाको संयुक्त लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा माग भएको रिक्त पद सङ्ख्यामा उपलब्ध भएसम्म देहाय बमोजिमका उत्तीर्ण उम्मेदवार थप गर्नु पर्नेछः-

| क्र.सं. | माग भएको रिक्त पद सङ्ख्या | थप हुने सङ्ख्या | कायम हुने उम्मेदवार सङ्ख्या |
|---|---|---|---|
| (१) | १ देखि ५ सम्म भएमा | ५ | ६ देखि १० सम्म |
| (२) | ६ देखि १० सम्म भएमा | ६ | १२ देखि १६ सम्म |
| (३) | ११ र सो माथि जतिसुकै भएमा | ५० प्रतिशत" | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# "अनुसूची-४क.

## (नियम २३क. को उपनियम (७) सँग सम्बन्धित)

## पूर्वयोग्यता परीक्षाको दरखास्त फारम

**लोक सेवा आयोग**

**सङ्गठित संस्थाको पूर्वयोग्यता परीक्षाका लागि दरखास्त फाराम**

*(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण*

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं : | २. पद: | ३. सेवा: | ४.समूह: |
| ५. उप-समूह: | ६. श्रेणी:/तह:- | ७. परीक्षा केन्द्र:- | |

*(ख) उम्मेदवारको वैयक्तिक विवरण:*

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम,थर | | | |
| | | (अङ्ग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं.: | | जारी गर्ने जिल्ला: | मिति: |
| स्थायी ठेगाना | (क) प्रदेश: (ख) जिल्ला: | | (ग) न.पा./गा.पा. | (घ) वडा नं |
| | (ङ) टोल: | | (च) घर /मार्ग न.: | (छ) फोन नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ई-मेल: |
| बाबुको नाम थर : | | आमाको नाम थर : | | |
| बाजेको नाम थर : | | पति/पत्नीको नाम थर: | | |
| जन्म मिति | (वि.सं.) | (ईस्वी संवत्) | | हालको उमेर: वर्ष |

*(ग) शैक्षिक योग्यता/तालिम* (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि / तालिम | सङ्काय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |

*(घ) अनुभव सम्बन्धी विवरण* ( दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव तथा बिदको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/ अस्थायी /करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

असाधारण बिदा लिएको भए अवधि : ...................................... देखि ...................................... सम्म।

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| उम्मेदवारको ल्याप्चे सहीछाप | | ………………<br>उम्मेदवारको दस्तखत<br><br>मिति: | उम्मेदवारले माथि उल्लेख गरेका अनुभवका विवरणहरु ठीक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको,-<br>दस्तखत:<br>नाम थर:<br>पद/दर्जा:<br>मिति: कार्यालयको छाप |
| दायाँ | बायाँ | | |

| | |
|---|---|
| आयोगको कर्मचारीले भर्ने | |
| रसिद/भौचर नं.: | रोल नं.: |
| दरखास्त अस्वीकृत भए सोको कारण: | |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>मिति: | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति: |

*द्रष्टव्य:* दरखास्तसाथ विज्ञापनमा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि),

(३) समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि,

(४) सेवा, शर्त सम्बन्धी कानूनमा तोकिएको भए सम्बन्धित व्यावसायिक परिषदमा नाम दर्ता भएको प्रमाणको प्रतिलिपि।

**लोक सेवा आयोग**

(तथ्याङ्क/उम्मेदवारहरूको व्यक्तिगत विवरण प्रयोजनका लागि)
उम्मेदवारहरूले अनिवार्य रुपमा आफैले निम्न विवरणहरू स्पष्ट बुझिने
गरी चिन्ह लगाई दिनु/लेखिदिनुहोला।

**सम्बन्धित उत्तरको अङ्कमा गोलो O चिन्ह लगाउनुहोस्।**

| कार्यालय प्रयोजनको लागि |
|---|
| परीक्षार्थीको कोड नं उल्लेख गर्नें:<br>(रोल नं/विज्ञापन नं/आर्थिक वर्ष) |

| | | |
|---|---|---|
| १. | विज्ञापन नं. (लेख्नुहोस्) : | |
| २. | पद पूर्तिको तरिका | १. खुला पूर्वयोग्यता परीक्षा (सङ्गठित संस्था) |
| | | |
| ३ | सेवाको किसिम: | १. प्राविधिक २. अप्राविधिक |
| ४. | सेवा: | |
| | समूह: (लेख्नुहोस) | |
| | उपसमूह: (लेख्नुहोस) | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ५. | श्रेणी/तह: | श्रेणी | १. अधिकृत प्रथम २. अधिकृत द्वितीय, ३. अधिकृत तृतीय |
| | | | ४. सहायक प्रथम, ५. सहायक द्वितीय ६. तह विहीन/सहायक ...... |
| | | तह | ४ चौथो ५. पाचौ ६. छैठौं ७. सातौं |
| ६. उम्मेदवारको व्यक्तिगत विवरण | | | |
| क | उम्मेदवारको नाम थर (लेख्नुहोस): | | |
| ख | जन्म स्थान /हालको ठेगाना (प्रदेश र जिल्ला लेख्नुहोस, गा.पा/ न.पा. मा चिन्ह लगाउनु होस्) | | जन्म स्थान: प्रदेश............ जिल्ला ............... १ गा.पा. २. न.पा.<br>हाल बसोबास गरेको स्थान :प्रदेश .......... जिल्ला ................... १ गा.पा. २. न.पा. |
| ग | हालको उमेर (दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर लेख्नुहोस्): | | |
| घ | लिङ्ग | | १. पुरुष, २. महिला ३. अन्य |
| ङ | धर्म | | १. हिन्दू २. बौद्ध ३. ईस्लाम ४. ईसाई<br>५. अन्य (उल्लेख गर्ने )...................................................... |
| च | वैवाहिक स्थिति: | | १. विवाहित २. अविवाहित ३. एकल ४. अलग भई बसेको |
| छ | थर/जात (लेख्नुहोस) | | थर: जात: |
| ज | उत्पत्ति (Origin) स्थानको आधारमा आफूलाई कुन क्षेत्रमा राख्नु हुन्छ? १. हिमाली क्षेत्र २. पहाडी क्षेत्र ३. तराई क्षेत्र | | |
| झ | जातीयताको आधारमा तपाई आफूलाई कुन जात समूह/वर्गमा राख्नु हुन्छ ?<br>१ आदिवासी/जनजाति २. दलित ३. ब्राम्हण ४.क्षेत्री ५. थारु ६. मुस्लिम ७. मधेशी<br>८. अन्य भए (उल्लेख गर्ने)....................................... | | |
| ञ | उम्मेदवारको पेशा: | | १. सरकारी सेवा २. अन्य पेशा ३. बेरोजगार |
| ट | मातृभाषा: (लेख्नुहोस) | | ........................................... |
| ठ | आवश्यक न्यूनतम शैक्षिक योग्यतामा प्राप्त गरेको प्रतिशत:...................... | | |
| ड | शैक्षिक सङ्काय: (कुनै एकमा मात्र चिन्ह लगाउनु होला) | | १ मानविकी २. कानून ३. व्यवस्थापन ४. शिक्षा ५. विज्ञान ६. ईन्जिनियरिङ ७. चिकित्सा ८. कृषि ९. वन १०. प्राविधिक तालिम ११. अन्य कुनै भए उल्लेख. गर्ने ...................... |
| | आवश्यक भन्दा माथिको शैक्षिक योग्यता: १. छ, तह उल्लेख गर्ने:....................... २. छैन | | |
| ७ | आमा/बाबुको मुख्य पेशा | | १. कृषि २. व्यापार/व्यवसाय ३. शिक्षण ४. सरकारी सेवा ५. अन्य पेशा भए (उल्लेख गर्ने) :........................................................ |

**द्रष्टव्य: अनलाईन प्रणालीबाट फाराम भर्दा अनलाईन प्रणालीमा भए बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४ख.

(नियम २३क. को उपनियम (८) सँग सम्बन्धित)

**पूर्वयोग्यता परीक्षा उत्तीर्ण प्रमाणपत्र**

लोक सेवा आयोग

पूर्वयोग्यता परीक्षा उत्तीर्ण प्रमाणपत्र

लोक सेवा आयोगबाट मिति ............... मा लिईएको तह/श्रेणी .............. वा सो सरहको पूर्वयोग्यता परीक्षामा ............................. को नाति/नातिनी,...............................को छोरा/छोरी, मास्टर आइ. डि. ............. रोल नं. ............ का तपाई श्री ............. सहभागी भई उत्तीर्ण हुनु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ । यो प्रमाणपत्रको मान्य अवधि मिति..............सम्म मात्र हुनेछ ।

प्रमाणपत्र जारी मितिः

शाखा अधिकृत"

**आज्ञाले,**
**किरणराज शर्मा**
**सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।–
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।